आज मिति २०८२/ ०९ / २६ गते विहान ८:०० बजे यस गोरखा नगरपालिकाका नगर प्रमुख श्री कृष्ण वहादुर राना मगरज्यूको अध्यक्षतामा वसेको नगर कार्यपालिकाको बैठकमा देहाय बमोजिमका कार्यपालिका सदस्यज्यूहरुको उपस्थिति रही निम्न अनुसारका निर्णयहरु गरियो ।

| सि.नं | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | कृष्ण वहादुर राना मगर | |
| २ | नगर उप प्रमुख | मसली माया थोकर | |
| ३ | वडा नं १ वडा अध्यक्ष | हिक्मत वहादुर कुँवर | |
| ४ | वडा नं २ वडा अध्यक्ष | रहम तुल्ला मियाँ | |
| ५ | वडा नं ३ वडा अध्यक्ष | चुल वहादुर कुँवर | |
| ६ | वडा नं ४ वडा अध्यक्ष | लाल प्रसाद भट्टराई | |
| ७ | वडा नं ५ वडा अध्यक्ष | विष्णु वहादुर मगर | |
| ८ | वडा नं ६ वडा अध्यक्ष | राजेन्द्र कुमार जोशी दिलिप | |
| ९ | वडा नं ७ वडा अध्यक्ष | विष्णु प्रसाद श्रेष्ठ | |
| १० | वडा नं ८ वडा अध्यक्ष | ऋषि राम खत्री | |
| ११ | वडा नं ९ वडा अध्यक्ष | कुल ब. कुँवर | |
| १२ | वडा नं १० वडा अध्यक्ष | प्रदिप कुँवर | |
| १३ | वडा नं ११ वडा अध्यक्ष | राम ब. खड्का | |
| १४ | वडा नं १२ वडा अध्यक्ष | डिल ब. थापा (मगर) | |
| १५ | वडा नं १३ वडा अध्यक्ष | मित्रा परियार | |
| १६ | वडा नं १४ वडा अध्यक्ष | गोपाल बहादुर थापा | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री रन्जिला श्रेष्ठ | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री सावित्रा थापा पुलामी | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्ट | |
| २० | नगर कार्यपालिका सदस्य | श्री अप्सरा रेग्मी (नेपाली) | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री पम्फा गान्धारी | |
| २२ | नगर कार्यपालिका सदस्य | श्री सिता मग्राती (अछामी) | |
| २३ | नगर कार्यपालिका सदस्य | श्री पवित्रा वि.क | |
| २४ | नगर कार्यपालिका सदस्य | श्री राम वहादुर रम्तेल | |
| २५ | प्रमुख प्रशासकीय अधिकृत | श्री एकदेव खनाल | |
| | अन्य उपस्थिति | | |
| | | श्री [illegible] प्रसाद [illegible] | |
| | | श्री [illegible] प्रसाद ढकाल | |
| | | श्री निरञ्जन भट्टराई | |
| | | | |

गोरखा नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या :

मितिः २०८२/०९/२६ गते

## मिति २०८२/०९/२५ गतेको कार्यपालिकाको बैठकको प्रस्ताव र निर्णयहरु

**प्रस्ताव नं. १ : नगरपालिकाको स्थापना दिवस मनाउने सम्बन्धमा।**

निर्णय नं. १ : यस गोरखा नगरपालिकाको स्थापना साविकको स्थानीय निकायको रुपमा २०५३ साल माघ १५ गते भएकोले उक्त दिन अर्थात प्रत्येक बर्षको माघ १५ गतेलाई नगरपालिकाको स्थापना दिवसको रुपमा स्वीकार गरी आगामी २०८२ साल माघ १५ गते नगरपालिकाको स्थापन दिवसको रुपमा मनाउने र यस क्रममा नगरपालिका स्थापनाको क्रममा सहयोग गर्नुभएका स्थानीय व्यक्तित्वहरु र स्थापनाकाल पश्चातको मुख्य जनप्रतिनिधिको रुपमा कार्यरत महानुभावहरुलाई नगरपालिकाको तर्फवाट् सम्मान गर्ने, विगतमा नगरपालिकामा नियुक्त भई लामो समय सम्म कार्यरत रही अवकाश भईसकेका कर्मचारीहरुको सम्मान गर्ने, नगरपालिकामा मेयर कप फुटबल प्रतियोगिता संचालन गर्ने र नगरस्तरीय शैक्षिक मेला संचालन गर्ने निर्णय गरियो। साथै, यस कार्यक्रममा प्रमुख अतिथि र विशेष अतिथिको रुपमा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री र प्रदेश सभामुखलाई निमन्त्रणा गर्ने र यस अवसरमा आयोजित विभिन्न कार्यक्रमहरुलाई सहजीकरण गर्न निम्न लिखित समितिहरु बनाउने निर्णय गरियो।

कार्यक्रम मूल समारोह समिति :

अध्यक्ष : नगर प्रमुख, सदस्यः कार्यपालिकाको सबै सदस्यहरु, सदस्य सचिव : प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्ति

स्वागत सत्कार, अतिथि व्यवस्थापन, कार्यक्रम प्रचार प्रसार समिति :

अध्यक्ष; नगर उपप्रमुख, सबै बिषयगत शाखाको शाखा प्रमुख सदस्य, सामाजिक विकास शाखा प्रमुख — सदस्य सचिव

पुर्व जनप्रतिनिधि तथा कर्मचारी सम्मान तथा समारोह समिति :

अध्यक्ष : नगर प्रमुख, सदस्य : नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत , बिषयगत समिति संयोजकहरु, विषयगत शाखा प्रमुखहरु, प्रशासन शाखा प्रमुख — सदस्य सचिव

कार्यक्रम तथा मंच व्यवस्थापन समिति :

संयोजक तथा सदस्यहरु : वडा नं. ४,५,६,७,८ को वडाध्यक्षहरु, सामाजिक बिकाश शाखा, आर्थिक प्रशासन शाखा, योजना शाखा र प्रशासन शाखा

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्री डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मितिः २०८२/०९/२६ गते

<u>खाजा व्यवस्थापन समिति</u>

वडा नं. १,३, र ९ को वडाध्यक्षहरु, स्वास्थ्य शाखा, आर्थिक प्रशासन शाखा, जिन्सी शाखा

<u>शैक्षिक मेला तथा खेलकुद</u>

वडा नं. २ र १० को वडाध्यक्षहरु, शिक्षा युवा तथा खेलकुद शाखा, पूर्वाधार विकास शाखा, कृपि तथा पशु विकास शाखा, स्वास्थ्य शाखा

<u>झाँकी व्यवस्थापन समितिः</u>

वडा नं. ११,१२,१३ र १४ को वडाध्यक्षहरु, सामाजिक विकास शाखा, शिक्षा युवा तथा खेलकुद शाखा

<u>प्रस्ताव नं. २ : जग्गा बर्गीकरणको कार्य सम्बन्धमा ।</u>

<u>निर्णय नं. २ :</u> यस गोरखा नगरपालिकामा संघीय सरकारको निर्देशन र विद्यमान कानुन वमोजिम जग्गा बर्गीकरणको प्रक्रिया नापी बिभाग काठमाडौं, जिल्ला स्थित मालपोत कार्यालय र नापी कार्यालयको सहकार्यमा अगाडी बढाउने बिगत आर्थिक बर्षको प्रयास भईरहेको सन्दर्भमा बर्गिकरणको प्रक्रिया अत्यधिक ढिलो भएको महशुस गर्दै यसले जग्गाको कित्ताकाट र राजश्व उठाउने विषयमा समेत रोकावट आइरहेको हुँदा हाल नापी बिभागबाट जग्गाको बर्गीकरण प्रक्रिया अन्तर्गत प्रस्ताव भएका कित्ताहरू सार्वजनिक जानकारी र सुझावको लागि वडा कार्यालयहरुमा पठाउने र सम्भव भएसम्म आवश्यक संशोधन निवेदन लिने र सम्भव भएसम्म संशोधन समावेश गरी कित्ताकाट बिवरणमा सुधार गरी छिटै नै जग्गा बर्गीकरणको प्रक्रिया टुंग्याउने र मसिनो किसिमबाट सुधार गर्नु पर्ने छुटेका कित्ता र कित्ताकाट र बर्गीकरणका बिषयहरुलाई तत्पश्चात कानुनी प्रक्रिया बमोजिम सुधार गर्दै लैजाने विषयमा अघिल्लो मिति २०८२/८/२९ गतेको कार्यपालिकाको बैठकमा नै निर्णय भएकोमा वडा कार्यालयहरुबाट संकलन भएका निवेदनको बर्गीकरण गरी यसै बर्गीकरणको समयमा प्रविष्ट र समावेश हुन सक्ने बिषयहरुलाई एकपटक नापी कार्यालय, मालपोत कार्यालय र नगरपालिका बसेर सम्बोधन गर्ने र छुटेका र समय लाग्ने बिषयलाई सम्बोधन गर्न सकिने स्पष्ट मार्गचित्र तयार गरी जग्गा बर्गिकरण प्रक्रियालाई अन्तिम टुंगो लगाउने निर्णय गरियो।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुधी डाँडा, गोरखा

प्रमाणित

गोरखा नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या :

मितिः २०८२/०९/२६ गते

**प्रस्ताव नं. ३ : मेयर कप फुटवल तथा अन्तरपालिका स्तरीय महिला भलिवल प्रतियोगिताको पुरस्कार मापदण्ड सम्बन्धमा।**

**निर्णय नं ३ :** गोरखा नगरपालिकावाट प्रत्येक वर्ष संचालित हुने नगर प्रमुख वडा स्तरीय पुरुष फुटवल प्रतियोगिता र उपप्रमुख अन्तर पालिकास्तरीय महिला भलिवल प्रतियोगिताको पुरस्कार वितरणको निम्न मापदण्ड २०८२ लाई पारित गर्ने निर्णय गरियो।

**मेयर कप वडा स्तरीय फुटबल प्रतियोगिता**

प्रथम पुरस्कारः रु. १,०१,१११ , द्बितीय पुरस्कार : रु. ५१,१११, तृतीय पुरस्कार : रु. ३०,१११, सान्त्वना पुरस्कार : रु. १५,१११

सर्वोत्कृष्ट खेलाडी : रु. ५,१११, उत्कृष्ट गोलरक्षक रु. २,१११, उत्कृष्ट गोलकर्ता रु. २,१११ उत्कृष्ट प्रशिक्षक रु. २,१११

**उपप्रमुख अन्तरपालिका स्तरीय महिला भलिबल प्रतियोगिता**

प्रथम पुरस्कारः रु. १,०१,१११, द्बितीय पुरस्कारः रु. ५१,१११, तृतीय पुरस्कार रु. ३०,१११, सान्त्वना पुरस्कार रु. १५,१११

सर्वोत्कृष्ट खेलाडीः रु. ५,१११, उत्कृष्ट स्पाइकरः रु. २,१११, उत्कृष्ट ब्लकरः रु. २,१११, उत्कृष्ट सेटर : रु. २,१११ र उत्कृष्ट सर्भर रु. २,१११

उपरोक्त रकमहरु कर बाहेकको भएको र नगरपालिकाको स्रोतबाट नियमानुसार कर कटाई उल्लेखित रकम खुद पुरस्कारको रुपमा वितरण गरिने ।

**प्रस्ताव नं. ४ : करार कर्मचारीको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं ४ :** यस गोरखा नगरपालिकामा यस आ.व. २०८२/८३ मा कार्यरत रहेका नगरपालिका तथा वडा तर्फ रहेका सबै सेवा समूहका करार तर्फका कर्मचारीहरुको सेवाको म्याद २०८३ असार मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टुनी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित

प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको बैठक संख्या :
मिति: २०८२/०९/२६ गते

**प्रस्ताव नं. ५ : छेवेटार खेलमैदानको शौचालय मर्मत सम्बन्धमा ।**

**निर्णय नं. ५ :** गोरखा नगरपालिकाको वडा नं. १० स्थित छेवेटार खेल मैदानमा निर्माणाधीन शौचालय हाल रकम अभावमा अलपत्र रहेकोले उक्त स्थानमा खेलकुद प्रतियोगिताहरु भईरहने र पक्की शौचालयको आवश्यकता भएकोले नगरपालिकाको क्रमागत ठेक्का दायित्वतर्फ वडा नं. १३ को वडा कार्यालय निर्माण तर्फ विनियोजित बजेटमा बचत हुने रकमबाट स्रोत व्यवस्थापन गरी उक्त अलपत्र रहेको शौचालय मर्मत गराउने निर्णय गरियो।

**प्रस्ताव नं. ६ : योजनाहरु संशोधन सम्बन्धमा।**

**निर्णय नं. ६ :** गोरखा नगरपालिकाको आ.व. २०८२/८३ मा नगरसभाले पारित गरेको वजेटमा वडा कार्यालय तर्फबाट वडा समितिको निर्णय सहित सिफारिश गरेका बिबिध तर्फ, मर्मत सम्भार तर्फ एवं नगर र वडाको योजना मर्ज गर्ने र पछि हुने नगर सभाले अनुमोदन गर्ने गरी निम्न योजनाहरु संशोधन गर्ने निर्णय गरियो

**प्रस्ताव नं. ७ : सट्टा शिक्षक तलव सम्बन्धमा।**

**निर्णय नं ७ :** गोरखा नगरपालिका वडा नं. २ स्थित महालक्ष्मी मा.वि. मा शिक्षक अभावको कारण व्यवस्थापन गरिएको एक निम्न माध्यमिक तहको शिक्षकको तोकिएको न्युनतम तलव रकम यसै बर्षको शैक्षिक सत्रको अन्त्य सम्मको लागि नगरपालिकाको करार सेवा तलव शिर्षकबाट व्यहोर्ने निर्णय गरियो।

**प्रस्ताव नं ८ : समपुरक तथा बिशेष योजना माग सम्बन्धमा ।**

**निर्णय नं. ८ :** राष्ट्रिय योजना आयोगबाट आ.व. २०८३/८४ को लागि माग गरिएको समपुरक र विशेष अनुदानको योजनामा आर्थिक बर्ष २०८२/८३ मा माग गरिएका योजनाहरुलाई नै निरन्तरता दिई आवेदन प्रणालीमा प्रविष्ट गर्ने निर्णय गरियो।

समपुरक अनुदानको योजना : गोरखा बसपार्क देखि खोलखोले सम्म सडक, फुटपाथ तथा नाला निर्माण वडा नं. ६ र ८

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुंगी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या :

मितिः २०८२/०९/२६ गते

विशेष अनुदानको योजना : पोषण मैत्री नगरपालिका घोषणा कार्यक्रम

**प्रस्ताव नं ९ : क्रमागत योजनाको समय थप सम्वन्धमा ।**

निर्णय नं. ९ : गोरखा नगरपालिकामा यस आ.व. २०८२/८३ मा विगत आ.व. देखि नै दायित्व वहन गरी क्रमागत तर्फ रहेका योजनाहरु सम्पन्न गर्ने समय पौष मसान्त सम्म राखिएकोमा समय अभाव, प्राविधिक जनशक्तिको कमी लगायत समस्याले गर्दा समयमा नै सम्पन्न हुन् नसकेकोले गर्दा यस्ता योजनाहरुको कार्यन्वयन अवधि २०८२ फागुन मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं १० : फोहर मैला प्रशोधन तथा बिसर्जन स्थल सम्मको बाटो ग्रावेल सम्वन्धमा।**

निर्णय नं. १० : गोरखा नगरपालिकाको नगर भित्र उत्पन्न हुने फोहरमैला व्यवस्थापनको लागि हाल नगरपालिकाको वडा नं. १० स्थित हाल भाडामा लिई फोहरमैला व्यवस्थापन गरिएको स्थानसम्म जाने करिव ७०० मिटर लामो वाटोमा सवारी साधन १२ महिनानै चल्न सक्ने गरी वाटोको स्तर उन्नति वा ग्रावेल गर्नुपर्ने भएकोले नगरपालिकाको वडा भित्रका वाटोमा ग्रावेल गर्ने कार्य शिर्षक रु. ५० लाख शिर्षकबाट व्यहोर्ने गरी कार्य गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ११ : छुट योजना सम्बन्धमा ।**

निर्णय नं. ११ : गोरखा नगरपालिकाको आ.व. २०८१/८२ मा वडा नं. १४ तर्फ मर्मत सम्भार रु. १ लाख शीर्षक बाट सलाङगिरी फेदिटोल खानेपानी मर्मत शिर्षकमा कार्य गरिएकोमा क्रमागत तर्फ यस कार्यलाई राख्न छुट भएकोले क्रमागत दायित्व तर्फ रहेको योजनाहरुको भुक्तानी शिर्षकवाट भएको कार्यको नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं. १२ : वडा नं. १३ को बाटो मर्मत सम्बन्धमा ।**

निर्णय नं १२ : गोरखा नगरपालिकाको वडा नं. १३ मा यस बर्ष बाटो सरसफाई गर्ने वजेट नरहेकोले उक्त वडामा वर्षातको समय पछि चाडवाड लक्षित बाटो सरसफाईको रकम नगरपालिकाको स्रोतबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गी ढोंडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका
नगर कार्यपालिकाको वैठक संख्या :
मितिः २०८२/०९/२६ गते

प्रस्ताव नं. १३ : बिबिध ।

निर्णय नं १३ : बिबिध ।

क. चिकित्सकको तलव सुबिधा थप सम्बन्धमा : यस गोरखा नगरपालिका वडा नं. १२ स्थित तारानगर स्वास्थ्य चौकीमा कार्यरत चिकित्सकलाई निजले पाउने आठौं तहको तलव सुविधामा सुविधा रकम थप गरी मासिक रु. ७०,००० हजार नवढ्ने गरी तलव सुविधा दिने निर्णय गरियो।

ख. महेन्द्र ज्योति मा.वि. मा होस्टेल सामग्री सहयोग सम्बन्धमा : गोरखा नगरपालिका वडा नं. ६ स्थित श्री महेन्द्र ज्योति मा.वि. मा होस्टेल संचालनको लागि सहयोग माग भए वमोजिम होस्टेलमा सुत्ने वस्ने ओच्छयान व्यवस्थापनको लागि रु. ७०,००० विविध शिर्पकवाट भुक्तानी दिने निर्णय गरियो।

ग. सुचना प्रविधि अधिकृतको पदमा बिज्ञापन सम्बन्धमा : यस गोरखा नगरपालिकामा PLGSP कार्यक्रम तथा नगरपालिकाको साझेदारीमा व्यवस्थापन गरिने सुचना प्रविधि अधिकृत पद रिक्त भएकोले नियमानुसार उक्त पदपूर्ति प्रक्रियालाई अगाडी बढाउने निर्णय गरियो ।

घ. सडक बोर्ड नेपालसँग साझेदारीमा कार्यान्वयन गर्ने योजना सम्बन्धमा : गोरखा नगरपालिकामा आ.व. २०८२/८३ मा सडक बोर्ड नेपालबाट साझेदारीमा कार्यान्वयन गर्नको लागि रु. ३८ लाख बिनियोजन भएको र नगरपालिकाबाट समेत आवश्यक रकम साझेदारी गरी वडा नं. १, ३, ४, ७, ११ र १४ नं. वडाको वडा समितिबाट प्रस्ताव भएका योजनाहरुमा रकम विनियोजन गर्ने निर्णय गरियो ।

ङ. घ बर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धमा : यस गोरखा नगरपालिकामा घ बर्गको निर्माण इजाजत प्राप्त गरि पाउँ भनी रितपूर्वक आवेदन दिएका निर्माण व्यवसायी फर्महरूलाई पेश गरेको कागजातको पूर्णताको आधारमा नियमानुसार घ बर्गको निर्माण इजाजत प्रदान गर्ने निर्णय गरियो ।

मोक्तान निर्माण सेवा, गोरखा नगरपालिका वडा नं. ७

प्रिन्स कन्स्ट्रक्सन, गोरखा नगरपालिका वडा नं. १०

गुरु गणेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गोरखा नगरपालिका

च. प्रारम्भिक वातावरणीय परीक्षण खर्चको स्रोत सम्बन्धमाः यस गोरखा नगरपालिकामा आ.व. २०८२/८३ देखि आ.व. २०८५ साल असार मसान्त सम्म कायम हुने गरी नदीजन्य पदार्थ ढुंगा गिट्टी वालुवाको उत्खनन तथा बिक्री वितरण गर्ने उद्देश्यले नगरपालिका भित्र रहेका

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ढुंगी टोला, गोरखा

प्रमाणित

प्रमुख प्रशासकिय अधिकृत

गोरखा नगरपालिका

नगर कार्यपालिकाको बैठक संख्या :

मितिः २०८२/०९/२६ गते

विभिन्न स्थलहरुको दिगो रुपमा स्रोत प्रयोगको लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण खर्च रु. ५ लाख मात्र विनियोजित भएकोले रु. ३ लाख चालु परामर्श सेवा र रु. २ लाख विविध कार्यक्रम खर्चबाट स्रोत जुटाई सो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुङ्गी डाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

प्रमुख प्रशासकिय अधिकृत